भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल

फोन नं.०६५-५७२४७०
इमेल:edubhimad@gmail.com

प.स.: ०८१/०८२ (शिक्षा)
च. नं. २०९

मितिः २०८१।०९।२८

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्वन्धी सूचना ।

श्री यो जो जससँग सम्बन्धित छ ।

तनहुँ जिल्ला भिमाद नगरपालिका अन्तर्गत श्री बलभद्र आधारभूत विद्यालय, भिमाद-१, तनहुँमा शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ७ को उपदफा १ बमोजिम रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणी स्थायी शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको पत्र संख्या ०८१/०८२, च.नं. १४५, मिति २०८१।०९।२८ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची -१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८१/०९/२८

..........................
सन्दिप पौडेल
उपसचिव

सन्दिप पौडेल
उपसचिव

पुनश्चः

१) तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना balabhadrabasicschool@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिने छ ।

२) म्याद नाघी वा तोकिए, बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन्

**बोधार्थ :**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, तनहुँ।

श्री सूचना प्रविधि शाखा, भिमाद नगरपालिका, कार्यालयको वेबसाइटमा सार्वजनिक गरिदिनु हुन ।

श्री बलभद्र आधारभूत विद्यालय, भिमाद-१, तनहुँ, विद्यालयमा सूचना प्रकाशन गर्नु हुन ।